भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.स.: २०७६/०७७
च.नं. :

मिति:२०७६/०८/१०

## साना किसानका लागि कृषि ऋण ब्याज अनुदान कार्यक्रम सम्वन्धि सूचना

उपरोक्त सम्बन्धमा भरतपुर महानगरपालिकाको आ.ब.२०७६/७७ को स्वीकृत कृषि बिकास कार्यक्रम अन्तर्गत साना किसानका लागि कृषि ऋणमा ब्याज अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले कृषि प्रयोजनका लागि बैंक/बित्तिय संस्था/सहकारी संस्थावाट ऋण लिई बाली उत्पादन गर्ने कार्य गरिरहेका साना कृषकहरुले ब्याज अनुदानका लागि तपसिलका कागजात सहित पौष मसान्त भित्र भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षि ब्यवसाय प्रवर्द्धन शाखा (कृषि शाखा) मा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक कागजातहरु:

- निवेदन
- नागरिकताको प्रतिलिपी
- लालपुर्जा/करारनामा प्रतिलिपी
- वैंक/बित्तिय संस्थावाट ऋण लिएको प्रमाण पत्र (ब्याज रकम खुल्ने गरि)
- वडा कार्यालयको सिफरिस
- एकिकृत कृषि तथा पशुपंक्षि सेवाकेन्द्रको सिफरिस

८/१०

प्रद्युम्न प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

नोट :

- नेपाल सरकारको ५% ब्याज अनुदानमा ऋण पाएका कृषकले यस कार्यक्रममा सहभागी हुन पाइने छैन।
- २०७७ जेष्ठ मसान्त सम्मको ब्याज भुक्तानी गरेको बिल भरपाई पेश भएपछि सोही आधारमा ब्याज अनुदान रकम भुक्तानी गरिनेछ।